# ---------------------- खानेपानी उपभोक्ता तथा सरसफाई समिति

## को विधान

प्रस्तावनाः

बढ्दो जनघनत्व र गाउँले स्थितीले गर्दा जनचेतना अभिवृद्धि गर्दै जनसहयोगबाट विकास निर्माणका कामहरु द्रुतगतिमा अगाडि बढाउँदै लैजानु आजको आवश्यकता भएको छ । विकास निमार्ण का कामलाई अगाडी बढाउन स्थानिय बासिन्दा र विभिन्न सामाजिक संघ संस्थाहरुबाट समेत सहयोग लिई सुविधा युक्त गाँउमा परिणत गर्दै लैजानु आजको कार्य भएकोले यहाँका जनतालाई पिउन र सरसफाईका लागी स्वच्छ र सफा पानी उपलब्ध गराउनु आजको प्राथमिक चरणको कार्य भएको हुदाँ ---------------------- गा.पा./न.पा. वार्ड नं. कैलाली का वासीका लागी "खानेपानी उपभोक्ता तथा सरसफाई समिति" को कार्यक्रम सञ्चालन गर्नु आवश्यक भएकोले खानेपानी उपभोक्ता तथा सरसफाई समितिको कार्यक्रमको छनौट गरी कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, समिक्षा, मुल्याङ्कन र मर्मत संभार समेत स्थानिय स्तरमानै गर्ने सेवामुलक गैह्र सरकारी संस्था स्थापना गर्न वान्छनीय देखिएकोले ---------------------- गा.पा./न.पा. वार्ड नं. , कैलाली बासीको तत्परतामा यो विधान तर्जुमा गरी ---------------------- खानेपानी उपभोक्ता तथा सरसफाई समिति गठन गरिएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

1. नामः– यस संस्थाको नाम ---------------------- खानेपानी उपभोक्ता तथा सरसफाई समिति रहने छ ।

   प्रारम्भः यो विधान तुरुन्तै लागु हुनेछ ।
2. परिभाषाः–विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग भएका शब्दहरुको अर्थ निम्नानुसार हुनेछः–

   २.१. "विधान" भन्नाले ---------------------- खानेपानी उपभोक्ता तथा सरसफाई समिति को विधानलाई सम्झनु पर्दछ ।

   २.२. "ऐन" भन्नाले संस्था दर्ता ऐन २०४४ लाई जनाउँछ ।

   २.३. "नियम" भन्नाले यस विधान अन्तर्गत कार्य समितिले बनाई लागु गरेको नियमलाई जनाउँछ ।

   २.४. "कार्यसमिति" तथा "मुल समिति" भन्नाले यस विधान अनुसार उपभोक्ताहरुबाट निर्वाचित ---------------------- खानेपानी उपभोक्ता तथा सरसफाई समिति " लाई जनाउँछ ।

   २.५. "समिति" भन्नाले मुल उपभोक्ता समितिलाई जनाउँछ ।

   २.६. "संस्था" भन्नाले ---------------------- खानेपानी उपभोक्ता तथा सरसफाई समिति लाई जनाउँछ ।

   २.७. "उप–समिति" भन्नाले मुल समितिले आफु निहित सम्पूर्ण वा आंशिक अधिकार प्रत्योजना गर्ने गरी खास स्थान क्षेत्र तथा कार्यका लागी बनाइने समिलिाई जनाउँछ ।

२.८. "संरक्षण समिति" भन्नाले मुल समितिको मातहत रहने गरी आयोजना निमार्ण क्षेत्रको संरक्षणार्थ बन्ने समितिलाई जनाउँछ ।

३. चिन्ह वा छापः– यस संस्थाको औपचारिक प्रयोगका निमित्त छुट्टै छाप हुनेछ ।

३.१ छापको विवरणः– ----------------------- खानेपानी उपभोक्ता तथा सरसफाई समिति

३.२ चिन्हको विवरणः–

नोटः– गोलाकार छाप हुनेछ, जसको माथिको भागमा ----------------------- खानेपानी उपभोक्ता तथा सरसफाई समिति र तलको भागमा कैलाली २०८० र बीचमा धाराको चिन्ह हुनेछ ।

४. कार्यालयः– संस्थाको कार्यालया ----------------------- गा.पा./न.पा. वार्ड नं. , कैलाली मा रहने छ ।

## परिच्छेद–२
## उद्‌देश्य र कार्यक्षेत्र

५. प्रचलित कानूनको परिधिभित्र रही कार्यसंचालन गर्ने गरी यस संस्थाको मुख्य उद्‌देश्य निम्नानुसार हुनेछन्ः

५.१ योजनाले समेटेका जनतालाई खान र सरसफाईका लागि सफा र स्वच्छ पानी उपलब्ध गराउने ।

५.२ सार्वजनिक स्थल, कमजोर आर्थिक श्रोत तथा न्यून आय भएका जनसमुदाय बीच सार्वजनिक धारा निर्माण गर्ने र अन्य निजी धारा जडान गर्न सक्ने उपभोक्ताहरु लाई निजी धारा दिए र पानी उपलब्ध गराउने ।

५.३ राष्ट्रिय–अन्तर्राष्ट्रिय, सरकारी गैह्र सरकारी दातृ संस्थाहरुलाई आकर्षित गरी सहयोग लिई अधिक क्षेत्रमा स्वच्छ पानी उपलब्ध गराउने, वातावरणीय सरसफाई गर्ने कार्य योजना–कार्यक्रम विस्तार गर्ने ।

५.४ खानेपानी तथा वातावरणीय सरसफाई कार्यक्रम विस्तार गर्न जिल्ला विकास समिति, गाउँ विकास समितिबाट श्रोत र साध्न जुटाउने कार्ययोजना प्रस्तुत गर्ने ।

५.५ नेपाल सरकार, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सँग सहयोग लिई नयाँ कार्यक्रम, बनाउने, अनुदान प्राप्त गर्ने ।

५.६ उपभोक्ताहरु मध्येबाट आवश्यकता अनुसार योग्य व्यक्तिहरुलाई खानेपानीको मिस्त्रिको रुपमा छनौट गरी नियुक्त गर्ने, तालिम व्यवस्था गर्ने ।

५.७ प्राविधिक कर्मचारीहरुलाई उत्प्रेरकका रुपमा तालिम दिलाउने ।

५.८ स्थानीय मिस्त्रिको क्षमताबाट बाहिरको प्राविधिक कामका लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसँग सहयोग माग्ने ।

५.९ संचालन तथा मर्मत सम्भार, व्यवस्थापन बारे बर्षको २ पटक खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको रोहवरमा मूल्यांकन गर्ने ।

५.१० स्वच्छ खानेपानीको उपयोग, वातावरणीय सरसफाई, यस आयोजनाको लक्ष्य बारे जनतालाई जानकारी गराउने, चेतना अभिवृद्‌धि गर्ने र कार्यक्रम संचालनका लागि जनसहभागिता जुटाउने ।

५.११ आयोजना संचालन गरिने क्षेत्रको छनौट, तयारी, कार्यान्वयन आदि कामका लागि पूँजी श्रम र साधनको व्यवस्था गर्ने, श्रोत परिचालनको व्यवस्था गर्ने ।

५.०४ कार्यान्वयन पूरा भएका आयोजनाको स्वामित्व बूझिलिई उपभोक्ता समितिले नै योजना संचालन मर्मत सम्भार गर्ने तथा शुल्क उठाउने ।

५.१३ कार्यान्वयन पुरा भएका आयोजनाको समय–समयमा चाहिने मर्मत संभार, रेखदेख तथा फाईदा बाँडफाँडको व्यवस्था न्यायोचित तरिकाले गर्ने ।

५.१४ उपभोक्ताहरुलाई परेको खाँचो पुरा गर्न क्षेत्रको आवश्यकता छनौट गरी कार्यान्वयन गर्ने ।

५.१५ संचालन हुने सबै विकास निर्माण कामका लागि आयोजनाका सवै उपभोक्ताहरुलाई सहभागी बनाउने ।

५.१६ संचालन भएका र हुने आयोजनाका उपभोक्ताहरुलाई उपभोक्ता समूह एकजुट गराउने ।

५.१७ समूहको कार्यक्रम र नीति यस विधानको अधिनमा रही समितिले तोके अनुसार हुनेछ ।

## परिच्छेद – ३
## सदस्यता

६. सदस्यताः

यस संस्थाबाट प्रदत्त सेवा तथा सुविधा उपभोग गर्ने उपभोक्ताहरु उपभोक्ता समूहका सदस्य हुनेछन् । साधारणतया उपभोक्ताहरुको घरको मूली (उपभोक्ताका रुपमा दर्ता भएका व्यक्ति ग्राहक यसको सदस्य हुन्छन् ।

७. सदस्यको योग्यताः–

यस संस्थाको विधान र नियमलाई पालना गर्ने उपभोक्ता (व्यक्ति) सदस्यको लागि योग्य मानिन्छ ।

८. सदस्यता नरहने अवस्थाः–

यस संस्थाको विधान र नियमलाई पालना नगर्ने उपभोक्त (व्यक्ति) संस्थाको सदस्य रहने छैन ।

## परिच्छेद – ४
## उपभोक्ता समूह र उपभोक्ता समिति

९. उपभोक्ता समुहः–
यस संस्थाको कार्यक्रमबाट प्रत्यक्ष रुपमा सेवा तथा सुविधाहरु उपभोग गर्ने व्यक्तिहरु उपभोक्ता समूह भित्र पर्दछन् । यस संस्थाको विधान बमोजिम सदस्यता प्राप्त व्यक्ति उपभोक्ता समूहको सदस्यता प्राप्त व्यक्ति उपभोक्ता समुहको सदस्य मानिन्छ र सो व्यक्तिले उपभोक्ता समुहको सभा बैठकमा सहभागी बन्न पाउँछ ।

१० उपभोक्ता समुहको साधारण सभाः–

१०.१ मुल उपभोक्ता समितिले तोकेको मिति र स्थान र समयमा उपभोक्ता समुहको "साधारण सभा" बन्ने छ । एक साधारण सभाबाट अर्को साधारण सभाको अवधि ०४ महिना भन्दा बढी हुने छैन । प्रत्येक बर्ष उपभोक्ता समूहको साधारण सभा बस्ने छ । उपभोक्ता समुहको साधारण सभा समितिका अध्यक्ष र सदस्य सचिवले वोलाउनु पर्नेछ ।

१०.२ उपभोक्ता उप–समितिका सबै सदस्यहरु, सबै धारा संरक्षण तथा सरसफाई उप–समितिका निर्वाचित १, १ जना प्रतिनिधि र मुल उपभोक्ता समितिका सम्पूर्ण पदाधिकारी एवं सदस्यहरु उपभोक्ता समुहको साधारण सभाका प्रतिनिधी (सदस्य) हुनेछन् ।

१०.३ अन्य समस्त उपभोक्ताहरु उपभोक्ता समुहको साधारण सभामा पर्यवेक्षकको रुपमा सहभागीता पाउने छन् । उनीहरलाई चुन्ने चुनिने अधिकार भने हुने छैन । उपभोक्ता समुहको साधारण सभाको नियम परिधि भित्र रहि सबै प्रतिनिधि पर्यवेक्षकले आफ्ना जिज्ञासा राख्न सक्नेछन् ।

नोटः– उपभोक्ता समुहको साधारण सभा हुनुभन्दा २१ दिन अघि प्रतिनिधि, पर्यवेक्षक तथा उपभोक्ताहरुलाई बैठक हुने मिति, स्थान, समय र विषयहरु बारे लिखित रुपमा जानकारी गराइने छ ।

१०.४ कुल प्रतिनिधि सदस्यहरु मध्ये ५० प्रतिशत सदस्यको उपस्थिति रहेको अवस्थामा उपभोक्ता समुहको साधारण-सभाको काम–कार्वाही संचालन हुनेछ ।

१०.५ ५० % प्रतिनिधि सदस्यहरुको उपस्थिति तोकीएको दिन र समय अनुसार नभएमा उपभोक्ता समुहको साधारण-सभा स्थगित गरी ३ तिन दिन भित्र पुनः अर्को सभा बैठक बस्नेछ ।

१०.६ त्यसरी दोस्रो पटक तोकेको मिति, दिन र समय अनुसार तोकिएको प्रतिनिधि सदस्यहरुको उपस्थिति नपुगे पनि उपस्थित संख्याको ४०% प्रतिशत पुगेमा साधारण सभा बैठक बस्न सक्नेछ ।
दोस्रो पटक बसेको साधारण सभामा उपस्थित प्रतिनिधिको संख्या कुल प्रतिनिधि संख्याको ४०% नपुगेमा सो सभालाई त्यसदिन स्थगित गरी ४८ घण्टा भित्र पुनः तेस्रो पटक बस्नेछ । तेस्रो पटक बसेको साधारण सभामा उपस्थित प्रतिनिधीको बहुमतबाट प्रस्तावहरु पारित गरिने छ ।

१०.७ विशेष सभा बैठकः– कार्य समितिका ५०% सदस्य अथवा उपभोक्ता सदस्यहरुले समय अवधि अगावै उपभोक्ता समुहको साधारण सभाको माग गरेमा विशेष साधारण सभा बस्न सक्ने छ । विशेष साधारण सभा अध्यक्ष र सचिवले बोलाउनु पर्नेछ ।

११. उपभोक्ता समुहको साधारण सभाको काम, कर्तव्य र अधिकारः–
समुहको काम, कर्तव्य र अधिकार तल उल्लेख गरे अनुसार हुनेछः–
११.१ मुल समितिबाट पेश भएका प्रतिवेदनलाई छलफल सहित पारित गर्ने ।
११.२ संस्थाको आगामी कार्यक्रम तथा योजना तर्जुमा गर्ने ।
११.३ बजेट पारित गर्ने ।
११.४ निर्वाचन गराउने मुल उपभोक्ता समिति गठन गर्ने ।
११.५ लेखा परिक्षण गराउने, लेखा परिक्षक नियुक्त गर्ने, लेखा परिक्षकको पारिश्रमिक तोक्ने ।
११.६ संस्थाको आयश्रोत जुटाउने, खर्च गर्ने, उपभोक्ताहरुलाई अधिक सेवा सुविधा उपलब्ध गराउन योजना तर्जुमा गर्ने ।
११.७ विधान संसोधन गर्ने ।
११.८ संस्थाको उद्देश्य पुर्तिका लागी आवश्यक नीति निर्धारण गर्ने, नियम पारित गर्ने तथा निर्देशन गर्ने ।
११.९ आवश्यक कार्यका लागी पारिश्रमिक भत्ता तोक्ने ।
११.१० आयोजनाका लागी जनश्रम, पुँजी तथा साधन प्राप्त गर्न र परिचालन गर्न योजना बनाउने ।

१२. उपभोक्ता समितिको साधारण सभा बैठकको अध्यक्षताः–
मुल उपभोक्ता समितिको अध्यक्षले नै उपभोक्ता समुहको साधारण सभा, बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि नभएमा समितिमा सदस्यहअरुबाट निर्वाचित व्यक्तिले अध्यक्षता गर्नेछन् ।

१३. उपभोक्ता समुहको साधारण सभा छलफल र निर्णयः–
१३.१ उपभोक्ता समुहको साधारण सभामा पेश गरिने सबै प्रस्ताबहरु छलफलद्धारा उपस्थित सदस्यको सामान्य बहुमतबाट पारित हुनेछन् । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।
१३.२ उपभोक्ता समुहको साधारण सभाको काम, कार्यवाही उपस्थिति आदि उल्लेख गर्न एउटा बैठक कापी (माइन्युट बुक) हुनेछ ।

१४. मुल उपभोक्ता समितिको गठनः–
खानेपानी उपभोक्ता तथा सरसफाई समिति लाई सरल तरिकाले समयमा पुरा गर्न संरक्षण सम्बद्र्धन र विकास तथा संचालन गर्न उपभोक्ता समुहले एक मुल उपभोक्ता समिति गठन गर्नेछ ।

विधानताः गठित विभिन्न वार्ड–क्षेत्रका उपसमितिका सदस्यहरु प्रत्येक धारा संरक्षण समिति का निर्वाचित १/१ जना प्रतिनिधि र निबर्तमान मूल समितिका सदस्यहरुको प्रतिनिधित्व रहेको सभा “उपभोक्ता समूहको साधासण सभा” ले महिला समेत भएको सबै वार्ड/क्षेत्रबाट प्रतिनिधित्व गर्ने गरी ९ सदस्यीय “मूल उपभोक्ता समिति” को निर्वाचन गर्नेछन् । उक्त निर्वाचित ९ सदस्यहरुले आफुहरुको पद चयन गर्नेछ । यसलाई उपभोक्ता समूहको “कार्य समिति” पनि भनिन्छ ।

अध्यक्ष, उपाध्यक्ष, सदस्य–सचिव, कोषाध्यक्ष र सदस्यहरु समितिका पदाधिकारी भनिन्छ । मूल उपभोक्ता समितिका सम्पूर्ण पदाधिकारी सदस्यहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

१५. उपभोक्ता समितिकको पदबाट हट्ने अवस्थाहरुः–
१५.१ उपभोक्ता समितिको पदबाट राजिनामा दिएमा ।

१५.२ मृत्यु भएमा ।
१५.३ उचित कारण विना लगातार ३ पटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा । (सदस्यलाई सफाई दिनबाट बञ्चित गरिने छैन)
१५.४ कुनै सदस्य विरुद्ध उपभोक्ता समूहको साधारण सभाका दुई तिहाई सदस्यले अविश्वस प्रस्तव पास गरेमा ।
१५.५ समिति विघटन भएमा ।

१६. उपभोक्ता समितिको बैठकः–
१६.१ मूल उपभोक्ता समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिती र समयमा आवश्यकतानुसार बस्नेछ ।
१६.२ ५०% सदस्यले वैठक बस्न लिखित अनुरोध गरेमा अध्यक्षले सूचना पाएको ७ दिन भित्र वैठक बोलाउनु पर्नेछ ।
१६.३ साधारणतया समितिको वैठक प्रत्येक महिनाको १ पटक बस्नेछ ।

१७. गणपूरक संख्याः
कुल सदस्य संख्याको बहुमत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

१८. निर्णय प्रक्रियाः
वैठकमा छलफल र निर्णयका लागि पेश गरिएका सबै विषयहरुमा बहुमत सदस्यहरुबाट पारित हुनुपर्नेछ ।

१९. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः
१९.१ उपभोक्ता समूहको सम्पूर्ण प्रशासनिक अधिकार कार्य समितिमा रहनेछ । सम्पूर्ण कामको उद्देश्य, अभिप्राय, नीति र कार्यक्रमको निश्चय मूल उपभोक्ता समितिले नै गर्नेछ ।
१९.२ समितिले नै आवश्यक कार्यविधि र नियम तर्जुमा गरी वैठक बस्ने प्रक्रिया निर्धारण गर्नेछ ।
१९.३ योजनाको उद्देश्य पूर्तिका लागि आवश्यक पर्ने कार्यविधि समितिले निर्धारण गरी लागु गर्नेछ ।
१९.४ मूल उपभोक्ता समितिले आय–व्ययको विवरण उपभोक्ता समूहको साधारण सभाबाट अनुमोदन गराई कार्यान्वयन गर्नेछ ।
१९.५ समितिले सदस्यहरुको र व्यवस्थापकीय अधिकारीहरुको चूनाव र छनौट प्रक्रिया निर्धारण गर्नेछ ।
१९.६ समितिले आफूमा निहित सम्पूर्ण वा आंशिक अधिकार प्रत्यायोजन गर्ने गरी उपसमिति गठन गर्न सक्नेछ ।
विधान, नियम उलंघन गर्ने माथि कार्वाही समेत गर्न सक्नेछ ।
१९.७ समितिले तोकिएको अधिकारी र उपभोक्ता समूह समक्ष तोकिए अनुसार आर्थिक तथा लेखा परीक्षण प्रतिवेदन पेश गर्नेछ ।
१९.८ उपभोक्ता समूह तथा समितिका कागजपत्र हिसाव–कितावलाई व्यवस्थित राख्नेछ ।
१९.९ समूहको हरेक छलफललाई वढी भन्दा वढी सहभागिता जुटाई प्रजातान्त्रिक बनाउने माध्यमको रुपमा काम गर्नेछ ।
१९.१०सम्बन्धित विषयका नीति, नियम र लाभकारी जानकारीहरु खोजतलास गरी समूहलाई जानकारी दिनेछ ।

१९.०४दातृसंस्था वा अन्य निकायसँग समूह तथा समितिको तर्फबाट काम गर्नेछ ।

१९.०४संचालित कामहरुको प्रगति र हिसाव–कितावको विवरण समूहलाई नियमित रुपमा दिनेछ ।

२०. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः

२०.१ अध्यक्षः

२०.१.१ समूह र समितिले सुम्पेका सम्पूर्ण काम, कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने ।

२०.१.२ समूह र समितिको वैठकको अध्यक्षता गर्नुका साथै तोकिएको अवस्थामा मात्र निर्णायक मत दिने ।

२०.१.३ समितिलाई सक्रिय नेतृत्व प्रदान गरी संस्थाको उद्देश्य पूरा हुने कुराहरुमा सम्पर्क बढाउने र साधन जुटाउन सघाउने ।

२०.१.४ समितिको दैनिक कार्य र संचालनको निमित्त निर्देशन दिने र आकस्मिक अवस्थामा निर्णय लिने ।

२०.१.५ समितिको वैठक आवश्यकता अनुसार बोलाउने ।

२०.१.६ बैठकका लागि छलफल गर्ने विषयहरु तयार गर्ने ।

२०.१.७ समितिले गरेको निर्णयहरु कार्यान्वयन गराउने ।

२०.१.८ सरकारी र गैह्र सरकारी निकायसँग सम्बन्ध राखी श्रोतको व्यवस्था गर्ने ।

२०.१.९ आफ्नो क्षेत्रका उपभोक्ताहरुबाट आयोजना सम्बन्धी कामका लागि सहभागिता जुटाउने ।

२०.१.१० संस्थाको चल–अचल सम्पत्ति हेरविचार गर्ने–गराउने ।

२०.१.०४ आफू अनुपस्थित भएमा आफ्नो कार्यभार उपाध्यक्ष वा कुनै सदस्यलाई दिने ।

२०.२ उपाध्यक्षः

२०.२.१ अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने ।

२०.२.२ समितिको नियमावली वा कार्यपद्दतीमा उल्लेखित उद्देश्य हासिल हुने काम गर्ने ।

२०.३ सदस्य–सचिवः

२०.३.१ आयोजनको कार्यक्रम र समितिका काम, कार्यबाहलिाई प्रभावकारी ढंगबाट संचालन गर्न कार्यालय व्यवस्थापनको काम गर्ने ।

२०.३.२ समिति र उपभोक्ता समूहको साधारण सभाको लागि आवश्यक तयारी र व्यवस्था मिलाउने ।

२०.३.३ समूह र समितिको निर्णय वैठक कापीमा लेख्ने ।

२०.३.४ प्रत्येक वैठकको निर्णय सबै सदस्यहरुलाई जानकारी गराउने ।

२०.३.५ आयोजना कार्यान्वयन सम्बन्धमा राख्नु पर्ने सबै स्रेस्ताहरु राख्ने र सोको जानकारी वैठकमा दिने ।

२०.३.६ आयोजनाका लागि सम्बन्धित क्षेत्रका जनताको सहभागिता जुटाउने ।

२०.३.७ विभिन्न उप–समितिहरुको काम–कार्यवाही बारे जानकारी प्राप्त गर्ने र आवशयक सहयोग गर्ने ।

२०.३.८ समितिले तोकेका कामहरु गर्ने ।

२०.४ कोषाध्यक्षः

२०.४.१ आयोजनाको कोष संकलन गर्ने, आय व्ययको हिसाव राख्ने, राख्न लगाउने ।

२०.४.२ कोष वृद्धिको योजना गर्ने ।

२०.४.३ संस्थाको बार्षिक बजेट तयार गर्ने र उपभोक्ता समूहको सभामा मूल समिति मार्फत पेश गरी पारित गराउने ।

२०.४.४ लेखा परीक्षण गराउने ।

२०.४.५ आयोजनाको आर्थिक कारोवारको रेखदेख र नियन्त्रण गर्ने ।

२०.४.६ समितिले असुल गर्नुपर्ने, शुलकहरु असुल गर्ने र भुक्तानी लिनु दिनु पर्ने हिसाव मिलाउने ।

२०.४.७ आयोजनाका लागि दातृ संस्था, जनसहभागिताबाट प्राप्त भएको पूँजी, साधन सामग्री तथा श्रम, सीपको स्रेस्ता ठीक ठीक तरिकाले राख्ने ।

२०.४.८ प्राप्त भएको श्रम, सीप, पूँजी र सामग्री कुन कामका लागि कति प्रयोग भयो र कति बाँकी छ भन्ने हिसाव राख्ने ।

२०.४.९ आयोजनालाई प्राप्त श्रम, सीप, पूँजी र सामग्रीको जिम्मा लिने र यसको प्रयोगको फरफारक लिने ।

२०.४.१० आफ्नो आयोजना क्षेत्रका उपभोक्ताको आयोजना सम्बन्धी जुनसुकै कामका लागि सहभागिता जुटाउने ।

२०.४.०४ समितिले तोकेको अन्य कार्य गर्ने ।

२०.५ सदस्यः

२०.५.१ आयोजना कार्यान्वयन स्थितिको अवलोकन, निरिक्षण गर्ने ।

२०.५.२ आयोजना कार्यान्वयन संचालन गर्न चाहिने श्रम, सिप, पूँजी र सामग्रीको मात्रा निधो गर्ने ।

२०.५.३ आवश्यकता अनुसार आयोजना क्षेत्रका उपभोक्ताहरुको सहभागिता जुटाउने ।

२०.५.४ आयोजनाको स्थितिबारे आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई अवगत गराउने ।

२०.५.५ समितिलाई आवश्यक सहयोग, सल्लाह र सुझाव दिने ।

२०.५.६ समितिले तोकेको कार्य गर्ने ।

२१. कर्मचारी नियुक्तीः

आयोजना, सँचालन, व्यवस्थापनका लागि समितिले आवश्यक पर्ने प्राविधिक, प्रशासनिक पद सृजना गरी कर्मचारी भर्ना गर्न सक्नेछ । यस्ता कर्मचारहिरुको पारिश्रमिक, भत्ता तथा सुविधा समितिले तोके अनुसार हुनेछ ।

२२. मूल उपभोक्ता समितिबाट सबै बार्ड, क्षेत्रको विकास निर्माण कार्यमा नियमित निरिक्षण, सम्पर्क सम्बन्ध राख्ने काम गर्न नसकिने हुन जाने हुँदा आफ्नो बार्ड तथा क्षेत्र भित्र संचालन हुने खानेपानी तथा सरसफाई सम्बन्धी विकास निर्माण संरक्षण, सम्बद्र्धन कार्य, सरल तरिकाले समयमा पूरा गर्न मूल समितिको कार्य योजनालाई सहयोग पुर्याउन सोही क्षेत्रका उपभोक्ताहरुबाटै आवश्यकता अनुसार उप समितिको व्यवस्था गरिनेछ ।

२३. खानेपानी तथा सरसफाई उपसमिति (गठन)

वार्ड विभिन्न क्षेत्रभित्र संचालन हुने आयोजनाको विकास निर्माण, मर्मत संभार, संरक्षण आदि कार्यमा सहयोग पुर्याउने मूल समितिको निर्देशानुसार उपसमिति गठन गरिनेछ । वार्ड क्षेत्रभित्रका उपभोक्ताहरुलाई भेला गराई सम्बन्धित भागको प्रतिनिधित्व गर्ने गरी निर्वाचनद्वारा एक जना संयोजक र अन्य सदस्य रहने गरी कम्तिमा २ जना महिला समेत भएको आवश्यकता अनुसार ५ वा ७ सदस्यीय खानेपानी तथा सरसफाई उपसमितिको गठन गर्नेछ । यस समितिको कार्यकाल ४(चार) वर्षको हुनेछ ।

२४. उप–समितिको काम, कर्तव्य र अधिकारः

२४.१ मूल समितिका नीति निर्देशन पालना गर्नु गराउनु ।

२४.२ उपभोक्ता, संरक्षण समिति र मूल समिति बीच संचारको माध्यम भई काम गर्नु ।

२४.३ आयोजनाको निर्माण काममा जनसहभागिता लगायत स्थानीय श्रोत र साधन जुटाई आयोजनाको निर्माण संचालन तथा व्यवस्थापन कार्यमा मूल समितिलाई सहयोग गर्नु ।

२४.४ आफ्नो वार्ड, क्षेत्रमा रहेको संरक्षण उपसमितिहरुको संचालन, व्यवस्थापन बारे जानकारी राख्नु, उपसमितिहरुलाई सहयोग पुर्याउनु ।

२५. संयोजकको काम, कर्तव्य र अधिकारः

२५.१ आफ्नो क्षेत्रको निर्माण, मर्मत, संभार, संरक्षण, सरसफाई कार्यको अवलोकन, निरीक्षण गर्ने ।

२५.२ खानेपानीको आवश्यकता बारे तथ्याङ्क संकलन गर्ने ।

२५.३ आयोजनाको निर्माण कार्य, संरक्षण तथा सरसफाईको लागि जनसहभागिता जुटाउने ।

२५.४ आयोजनाको उद्देश्य बारे जनतामा जानकारी गराउने, चेतना अभिवृद्धि गर्ने ।

२५.५ नियमित बैठक गर्ने ।

२६. सदस्यको काम, कर्तव्य र अधिकारः

२६.१ संयोजकलाई सहयोग पु¥याउने ।

२६.२ मूल समितिका नीति नियमहरु पालना गर्ने, गराउने ।

२६.३ तोकिएको जिम्मेवारी पूरा गर्ने ।

२७. धारा संरक्षण तथा सरसफाई उपसमितिको गठनः

मूल समितिले वार्ड क्षेत्रीय समितिको सहयोगमा सार्वजनीक धाराबाट पानी उपभोग गर्ने (यस संस्थाको विधान र नियमलाई मान्ने) उपभोक्ताहरुलाई भेला गराई निर्वाचनद्वारा कम्तिमा २ जना महिला रहने गरी ३ वा ५ सदस्यीय धारा संरक्षण तथा सरसफाई उपसमिति गठन गर्नेछ । जसमा एक जना संरक्षक र अरु सदस्य हुनेछन् । यस समितिको सदस्यको पदावधि २ वर्षको हुनेछ ।

२८. धारा संरक्षण तथा सरसफाई उपसमितिको काम, कर्तवय र अधिकारः

२८.१ मूल समितिका नीति निर्देशन पालना गर्नु ।

२८.२ धारा संरक्षण गर्नु र सफासुग्घर राख्नु ।

२८.३ उपभोक्ताहरुलाई नियमित पानी उपलब्ध गराउने कार्य गर्नु ।

२९. संस्थाको काम, कर्तव्य र अधिकारः

२९.१ धाराको संरक्षण गर्न,सफा–सुग्घरराख्न,नियमित पानी उपलब्ध गराउन आवश्यक कार्य गर्ने ।

२९.२ धाराको अवस्था बारे सम्बन्धित क्षेत्रलाई जानकारी गराउने ।

२९.३ संस्थाको विधान तथा नियमहरु पालना गर्ने, गराउने ।

३०. सदस्यको काम, कर्तव्य र अधिकारः

धारा संरक्षण गर्ने र सफा सुग्घर राख्न, नियमित पानी उपभोक्ताहरुलाई उपलब्ध गराउने कार्यमा संरक्षकलाई सहयोग गर्ने ।

३१. आर्थिक श्रोतः

३१.१ करार र सम्झौता अन्तर्गत अन्य संस्थाहरुबाट प्राप्त हुने रकम र अनुदान ।

३१.२ उपभोक्ताहरुबाट आयोजनाको सेवा सुवीधा उपभोग गरेवापत प्राप्त रकम, सेवा शुल्क र अनुदान ।

३१.३ सरकारी, गैह्र सरकारी संस्था एवं स्थानीय दातृ संस्थाबाट प्राप्त हुने अनुदान सहयोग र भौतिक साधन ।

३१.४ जन सहभागिताबाट प्राप्त हुने श्रम, पूँजी र सामग्रीहरु ।

३२. चल अचल सम्पत्तिको व्यवस्थाः

यो एक अविछिन्न उत्तराधिकारीवाला स्वशासित र संगठीत संस्था हुनेछ । यसले प्रचलित कानूनको अधिनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भौग गर्न र बेचविखन गर्न सक्नेछ । यसले आफ्नो नामबाट नालेस उजुर गर्न सक्ने र यस उपर पनि सोही नामबाट नालेस उजुर लाग्न सक्नेछ ।

३३. कोष व्यवस्थाः

३३.१ संस्थाको आफ्नो छुट्टै कोष हुनेछ । संस्थाको सम्पूर्ण खर्च यसै कोषबाट गरिनेछ ।

३३.२ बैंक खाता अध्यक्ष, सदस्य–सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतमा कुनै दुईको हस्ताक्षरबाट कारोवार गर्ने गरी खोलिनेछ ।

३३.३ समितिले निर्धारण गरेको कार्य नीति अनुसार कोषाध्यक्षको रेखदेख र सुपरीवेक्षणमा कोषको उपयोग गरिनेछ ।

३३.४ समय समयमा समितिले कोषको उचित उपयोग भए नभएको जाँच गर्न र आवशयक निर्देशन दिन सक्नेछ ।

३३.५ कोष परिचालन, लेखा प्रणाली, लेखा परीक्षण र कोष सम्बन्धी अन्य प्रक्रियाहरु समितिबाट निर्धारित नियम अनुसार हुनेछ ।

३६. श्रम, सीप, पूँजी र सामग्री व्यवस्थापन प्रक्रियाः

उपभोक्ता समितिले गर्ने कामका लागि चाहिने श्रम, सीप, पूँजी र सामग्री संस्थाको आफ्नो श्रोत, साधनबाट या उपभोक्ताहरु र दातृ संस्थाबाट व्यवस्था गरिनेछ ।

३७. आयोजना कार्यान्वयन, मर्मत संभारका लागि चाहिने श्रम, सीप, पूँजी र सामग्री व्यस्थापनः

आयोजना कार्यान्वयन, मर्मत संभारका लागि चाहिने श्रम, सीप, पूँजी र सामग्री पूर्ति कार्यको प्रकृति र अवस्था हेरी समितिले आफ्नो श्रोत, साधनबाट गर्ने छ । अथवा उपभोक्ताहरुबाट आवश्यक सेवा शुल्क लिएर वा नेपाल सरकार, दातृ संस्थाहरुको सहयोग लिएर पूरा गर्नेछ । यसको स्रेस्ता राखिनेछ ।

३८. लेखा परीक्षण सम्बन्धी व्यवस्थाः

३८.१ उपभोक्ता समूहको साधारण सभाले नियुक्ती गरेको लेखा परिक्षकबाट आयोजनाको काम सम्पन्न प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन सम्बन्धित निकाय समक्ष पेश गरिनेछ ।

३९. निर्वाचन सम्बन्धी व्यवस्थाः

३९.१ उपभोक्ता समूहको सभाका सदस्यहरुले आफू मध्येबाट उपभोक्ता समितिका सदस्यहरुको निर्वाचन गर्नेछन् ।

३९.२ त्यसैगरी, बार्ड तथा धारा क्षेत्रका उपभोक्ताहरुले आफू मध्येबाट बार्ड क्षेत्रीय, धारा संरक्षण उपसमितिका सदस्यहरुको निर्वाचन गर्नेछन् ।

३९.३ एक पटक पदावधि समाप्त भएको व्यक्ति पुनः निर्वाचित हुन अयोग्य हुनेछैन ।

४०. उम्मेदवारको अयोग्यताः

४०.१ २१ वर्ष उमेर नपुगेको ।

४०.२ मगज विग्रेको भनी स्वीकृत चिकित्सकले प्रमाणित गरि दिएको ।

४०.३ नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको ।

४०.४ समूहको हित विपरित काम कारवाही गरेको प्रमाणीत भएको ।

४०.५ गैर नेपाली नागरिक ।

४१. अविश्वासको प्रस्तावः

४१.१ समितिको कुनै सदस्य उपर समूहमा अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछ । यस्तो परिस्थितिमा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतद्वारा त्यसको प्रस्ताव पारित गरेमा निजको सदस्यता समाप्त हुनेछ ।

४१.२ यो नियम उप–समितिका सदस्यहरुमा पनि लागु हुनेछ ।

४१.३ २५ प्रतिशत सदस्यहरुले संयुक्त रुपमा दस्तखत गरी अविश्वासको प्रस्ताव निवेदन साधराण सभा हुनु अगावै सम्बन्धित समितिमा दर्ता गराउनु पर्नेछ ।

४२. उप–समिति निलम्बन वा खारेजः

संस्थाको विधान तथा नियम विपरित जाने उपसमितिहरुलाई मूल समितिको बहुमतको निर्णयले निलम्बन वा खारेज गर्न सक्ने छ र अर्को व्यवस्था गर्न सक्नेछ ।

४३. रिक्त स्थानको पूर्तिः

कुनै पनिकारणले रिक्त भएको पदमा प्रतिनिधित्व गरिरहेको क्षेत्रबाटै पर्ने गरी बाँकी अवधिको निमित्त निम्न प्रकृयाद्वारा पूर्ति गरिनेछ ।

४३.१ मनोनयन या निर्वाचनद्वारा पदपूर्ति गरिनेछ ।

४३.२ मूल समितिको सदस्यको पदपूर्तिका लागि अध्यक्षद्वारा वैठकमा नाम प्रस्तुत गरी बहुमतबाट पारित गरेर ।

४३.३ उपसमितिहरुको हकमा मूल समितिबाट अनुमोदन गरेर ।

स्पष्टिकरणः उपसमितिहरुको पदपूर्ति गर्नका लागि सदस्यहरुको हकमा संयोजक वा संरक्षकबाट उपसमितिको वैठकमा नाम प्रस्तुत गरी बहुमतले पारित गरेर, संयोजक वा संरक्षकको हकमा मूल समितिको अगुवाईमा सम्बन्धित उपसमितिका बमुहत सदस्यहरुले पारित गरेर ।

४३.४ पूर्ण उप–समितिको हकमा मूल समितिको पहलमा तदर्थ उप–समिति बनाएर ।

४४. विधान संशोधनः

विधान संशोधन गर्न आवश्यक पर्न आएमा सो कुरा साधारण सभामा पेश गरी सो सभाको सम्पूर्ण सदस्यहरुको दुई तिहाई बहुमतले पारित गरेमा सम्बन्धित निकायबाट स्वीकृत लिई संशोधित विधान लागु गर्न सक्नेछ । विधान

संशोधनको प्रस्ताव साधारण सभा बस्नुभन्दा १५ दिन अगावै समिति कार्यालयमा दर्ता हुनु पर्दछ ।

४५. नियम बनाउनेः

विधानमा उल्लेखित उद्देश्य प्राप्त गर्न विधानसँग नबाझिने गरी समितिले नियमहरु बनाई लागु गर्न सक्नेछ ।

४६. संस्थाको प्रगति प्रतिवेदन तथा अन्यः

संस्थाको प्रगति प्रतिवेदनहरु समितिसँग सम्बन्धित निकायहरुमा सम्बन्धित निकायको माग तथा आवश्यकता अनुसार उपलब्ध गराइनेछ ।

४७. संस्थाको उद्देश्य र कार्यक्रम सम्बन्धी अन्य कुराहरुः

४७.१ कार्यसमितिको सिफारिशमा गा.वि.स. मा दातृसंस्था समेत समाजका विशिष्ट व्यक्तित्व भएको सल्लाहकार समिति गठन गर्न सकिनेछ ।

४७.२ सल्लाहकार समितिले समितिलाई विकास कार्य संचालन गर्ने, नीति निर्धारण गर्ने कुरामा सल्लाहकार समिति गठन गर्न सकिनेछ ।

४७.३ संस्थाको उद्देश्यमा थपघट गर्नु परेमा समितिमा सदस्यको निर्णयबाट पारित प्रस्ताव अनुसार सम्बन्धित निकायबाट स्वीकृति लिई कार्यान्वयनमा ल्याइनेछ ।

४८. नियमावलीमा उल्लेखित कुरा बाझेमा बदर हुनेः

यस विधानमा लेखिएका कुराहरु प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

४९. दण्ड र जरिवाना सम्बन्धी व्यवस्थाः

उपभोक्ता समुह र समितिक सदस्यहरुमा अनुशासन कायम गर्न तल लेखिए अनुसार दण्ड सजाय गरिने व्यवस्था गरिएको छ ।

४९.१ उपभोक्ता समूह वा समितिको वैठकमा विना जानकारी वा उचित कारण बिना अनुपस्थित सदस्यलाई समितिले जरिवाना गर्न सक्नेछ । यदि यस्तो गल्ती पटक पटक दोह¥याएमा निजलाई बढी दण्ड सजाय गर्न सक्नेछ । जरिवाना के कस्तो गर्ने भन्ने निर्णय समितिले पारित गरे बमोजिम हुनेछ ।

४९. २ यदि आयोजनाको कसैले हानी नोक्शानी गरेमा समितिको वैठकबाट नोक्शान गरे बराबर वा वैठकले तोके अनुसार क्षतिपूर्ती भराइनेछ ।

५०. खर्च फरफारक गर्नेः

आयोजनाको निर्माण कार्य सम्पन्न भएपछि आयोजनासँग सम्बन्धित सबै आम्दानी खर्चहरु फरफारक गर्नुपर्नेछ ।

५१. आयोजना सेवा संचालन व्यवस्थाः

आयोजनाको निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ताहरुमा सेवा संचालन गरिनेछ । यसको लागि उपभोक्ताहरुबाट सेवा शुल्क लिन सकिनेछ ।

५२. आयोजना मर्मत संभार व्यवस्थाः

आयोजनाहरुलाई दिगो रुपले संचालन गर्न नियमित र आकस्मिक मर्मत संभारको व्यवस्था गरिनेछ ।

५३. उपभोक्ता समूहले समितिका पदाधिकारीहरुको काम कारवाही उपभोक्ताको हीत विपरित भएको पाएमा सो समिति खारेज गरी नयाँ गठन गर्न सक्नेछ ।

५४. उपभोक्ता समूहको सहमतिबाट समितिले नेपाल सरकार वा अन्य गैह्र सरकारी निकायसँग आयोजना संचालन तथा कार्यान्वयन सम्बन्धमा सम्झौता गर्न सक्नेछ ।

५५. उपभोक्ता समूह भन्दा बाहिरका व्यक्ति वा समुदायको आयोजनाबाट पाइने फाइदाहरु लिन चाहेमा सेवाशुल्क वा अन्य शर्तहरु कायम गरी त्यस्ता इच्छुक व्यक्ति वा समुदायलाई समितिको वैठक निर्णयबाट फाइदा उपभोग गर्न दिन सक्नेछ ।

५६. आयोजनासँग सम्बन्धित काम कारवाहीमा गा.वि.स. वा दातृसंस्था वा सामुहिक पूँजी, श्रम, सामग्री आदी प्रयोग हुन्छ भने गा.वि.स. को प्रतिनिधिलाई अनिवार्य रुपमा समूह वा समितिको वैठकमा सहभागि गराइनेछ ।

५७. संस्था विघटनः

संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी अन्य कुनै कारणले यस संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा, चलअचल सम्पत्ति नेपाल सरकारको नाममा सर्नेछ ।

५८. बचाउः

यस अघि ---------------------- खानेपानी उपभोक्ता तथा सरसफाई समिति को नामबाट भएका सम्पूर्ण कार्यहरु यस विधान अन्तर्गत भए सरह मानिनेछ ।

---------------------- खानेपानी उपभोक्ता तथा सरसफाई समिति का पदाधिकारीहरुको नामावली ।

१. अध्यक्ष – श्री
२. उपाध्यक्ष – श्री
३. सदस्य–सचिव – श्री
४. कोषाध्यक्ष – श्री
५. सदस्य – श्री
६. सदस्य – श्री
७. सदस्य – श्री
८. सदस्य – श्री
९. सदस्य – श्री

५९. विविधः

समयानुसार विधान संशोधन गर्नु परेमा साधारण सभाको उपस्थित ७५% सदस्यको बहुमतको निर्णयानुसार संसोधन गरिनेछ ।

## अनुसूचि ( १ )
## (नियम ५ सँग सम्बन्धित)
## उपभोक्ता संस्था दर्ताको लागि दिईने दरखास्त

श्री अध्यक्ष ज्यू
जिल्ला जलश्रोत समिति,
कैलाली ।

उपरोक्त संस्था दर्ता गर्नका लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. उपभोक्ता संस्थाको नाम र ठेगानाः ---------------------- खानेपानी उपभोक्ता तथा सरसफाई समिति , ---------------------- गा.पा./न.पा. वार्ड नं. , कैलाली ।
२. उपभोक्ता संस्थाको उद्देश्यः स्वच्छ पिउने पानी उपलब्ध गराउनु ।
३. श्रोत रहेको अंचल. सेती जिल्ला कैलाली, ---------------------- गा.पा./न.पा. वार्ड नं. ,
४. श्रोतको किसिमः भुमिगत
उपयोग गर्ने पानीको परिणामः .........
५. सर्वक्षण हुन/सर्वेक्षण भएको /आयोजना सुरु भएकोः आ.व.............
६. परियोजना सम्पन्न गर्दा लाग्ने जाने अनुमानित खर्चः .............................
७. नेपाल सरकारले विकास गरी हस्तान्तरण गर्ने परियोजना भए सो परियोजनाको नाम र तत्सम्बन्धि अन्य विवरण
८. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः
(क) परियोजना सम्बन्धी विस्तृत विवरण उल्लेख भएको कागजात ।
(ख) परियोजनाको लागि कुनै संस्थाबाट आर्थिक सहायता व्यहोरिने भए सो सम्बन्धमा त्यस्तो संस्थाले व्यक्त गरेको प्रतिवद्धता र ततसम्बन्धी कागजात
(ग)उपभोक्ता संस्थाको दुई प्रति विधान ।
माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्त दिनेको
सहीः
नामः
पदः अध्यक्ष
समितिको छापः
ठेगानाः ---------------------- गा.पा./न.पा. वार्ड नं. , कैलाली

मितिः

सिफारिस

यस ---------------------- गा.पा./न.पा. वार्ड नं. , मा संचालन हुने उल्लेखित परियोजनाको लागि गठनहुन लागेको उपभोक्ता संस्था दर्ताहुन उपयुक्त देखिएकोले सिफारिस गरिन्छ । साथै उल्लेखित परियोजना संचालनको लागि आवश्यक मर्मत र सम्भारको कार्यहरुमा यस गाउँपालिका/नगरपालिकाको तर्फबाट पूर्ण सहायोग हुने जानकारी गराईन्छ ।

सिफारिस गर्ने पदाधिकारीको

सहिः
नामः श्री
पदः
गाँउ वा नगरपालिकाको छापः
मितिः

# सिफारिस

यस ----------------------- गा.पा./न.पा. वार्ड नं. , मा संचालन हुने उल्लेखित परियोजनाको लागि गठन हुन लागेको उपभोक्ता संस्था दर्ता हुँन उपयुक्त देखिएकोले सिफारिस गरिन्छ । साथै उल्लेखित परियोजना संचालनको लागि आवश्यक मर्मत र सम्भारको कार्यहरुमा यस वडा कार्यालयको तर्फबाट पूर्ण सहायोग हुने जानकारी गराईन्छ ।

सिफारिस गर्ने पदाधिकारीको

सहिः
नामः श्री
पदः
वडा कार्यालयको छापः
मितिः